दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३६ | बुटवल | २०८१ माघ १७, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Jan 30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# कम्पनी ऐनअन्तर्गत नै चल्न पाउनुपर्छ : निजी विद्यालय

## गत वर्ष १२ कक्षा उत्तीर्ण भएपछि एक लाख ८ हजार बढी विद्यार्थी उच्च शिक्षा अध्ययन गर्न विदेश जाँदा एक खर्ब रुपैयाँ विदेशिएकाले नेपालमै अन्तर्राष्ट्रियस्तरको पढाइ हुने विश्वविद्यालय सञ्चालन गर्नेतर्फ निजी विद्यालयको ध्यान जानुपर्ने सुझाव छ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

निजी विद्यालय सञ्चालकहरुले आफूहरु कम्पनी ऐनअन्तर्गत नै चल्न पाउनुपर्ने माग गरेका छन्। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) लुम्बिनी प्रदेशको चौथो अधिवेशनको अवसरमा बोल्दै उनीहरुले कम्पनी ऐन भन्दा अरु ऐनअनुसार निजी विद्यालय सञ्चालन गर्न कठीन हुने बताए।

उनीहरुले २०७२ सालमा बनेको शुल्क निर्धारण नियमावली संशोधन हुनु पर्ने र निःशुल्क छात्रवृत्ति दिन नसकिने समेत बताएका छन्।

अधिवेशन उद्घाटन गर्दै लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम सारुले तीनै तहका सरकारले सामुदायिक विद्यालयमा लगानी बढाएर शैक्षिक गुणस्तर सुधार गर्दै आएकाले निजी विद्यालयहरुसामू चुनौती रहेको औंल्याए। मन्त्री सारुले निजी विद्यालयहरुले अहिलेको युग सुहाउँदो र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी एवं प्रविधियुक्त विद्यार्थी उत्पादनलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिए। उनले हरेक वर्ष १२ कक्षा उत्तीर्ण भएपछि एक लाख बढी विद्यार्थी उच्च शिक्षा अध्ययन गर्न विदेश जाने र त्यसो गर्दा एक खर्ब रुपैयाँ विदेशिने गरेको भन्दै नेपालमै अन्तर्राष्ट्रियस्तरको पढाई हुने विश्वविद्यालय सञ्चालन गर्नेतर्फ निजी विद्यालयको ध्यान जानुपर्ने बताए।

उनले तीनै तहका सरकारले संस्थागत विद्यालयका जायज मागलाई सकारात्मकरुपमा लिएर समस्या समाधान गर्नुपर्ने बताए।

अधिवेशनमा बोल्दै प्याब्सन केन्द्रीय उपाध्यक्ष विष्णु पन्थीले निजी विद्यालयहरु दर्ता गर्दा कम्पनी ऐनअनुसार भएकाले अब अरु ऐनअन्तर्गत चल्ने कुरा स्वीकार्य नहुने बताए। उनले २०७२ साल यता शुल्क समायोजन नभएको भन्दै समय सापेक्ष शुल्क समायोजन हुनुपर्ने र निःशुल्क छात्रवृत्ति दिन नसकिने तर्क समेत गरे।

प्याब्सन केन्द्रीय महासचिव आर के कटुवालले संघीय शिक्षा ऐन निर्माणमा प्याब्सनको भूमिका महत्वपूर्ण रहेको भन्दै उनले विधेयक परिमार्जनसहित पारित भएमा निजी विद्यालयको लगानी सुरक्षित हुने आशा पलाएको बताए।




देशभर निजी क्षेत्रबाट १३ हजार विद्यालय सञ्चालनमा रहेका र तिनमा ७ खर्ब लगानी र ४ लाख रोजगारी रहेको उनले जनाए। हालसम्म १५ सय विद्यालयमा सामाजिक सुरक्षा कोष लागू भएको उनले बताए।

प्याब्सन लुम्बिनीका अध्यक्ष लालहरि पाण्डेले मुलुकको समग्र शैक्षिक गुणस्तर कायम गर्न निजी विद्यालयको भूमिका अग्रणी रहेको भन्दै निजी विद्यालयसामू अझैं चुनौती रहेकाले एकताबद्ध हुन आवश्यक रहेको बताए। देशको समृद्धिको मूल आधार गुणस्तरीय शिक्षा हो भन्दै उनले राज्यले निजी क्षेत्रले शिक्षामा गरेको लगानी र योगदानको उचित मूल्यांकन र कदर गर्न नसकेको गुनासो गरे। शिक्षा र स्वास्थ्य निःशुल्क बनाउन राज्यको भूमिका हुनुपर्ने तर हुन नसकेकाले निजी क्षेत्रको लगानी आवश्यक भएको अध्यक्ष पाण्डेले बताए।

अभिभावक संघका केन्द्रीय सदस्य लोकनाथ ज्ञवालीले स्नातक तह पूरा गरेर मात्र विद्यार्थीलाई विदेश पढ्न जान अनुमति दिने व्यवस्था भएमात्र विद्यार्थीको विदेश पलायन रोकिने भएकाले निजी विद्यालयको ध्यान त्यसतर्फ जानुपर्ने बताए।

कार्यक्रममा पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ लुम्बिनी अध्यक्ष हेमानन्द शर्मा,चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका कार्यवाहक अध्यक्ष जेपी कँडेललगायतले प्याब्सनमा राजनीति गर्न नहुने भन्दै शैक्षिक मुद्दा, गुणस्तरीय शिक्षामा एकजुट हुन आग्रह गरे।

अधिवेशनमा प्याब्सन केन्द्रीय उपाध्यक्ष कृष्णप्रसाद अधिकारी, लुम्बिनी प्रदेशका वरिष्ठ उपाध्यक्ष ऋषिकेश जिसी, सचिव धनराज चापागाईंलगायतले आ-आफ्ना धारणा राखेका थिए। सो अवसरमा प्याब्सन बाँके जिल्लालाई उत्कृष्ट जिल्लाको रुपमा सम्मान गरिएको थियो।

## 'पूर्व राष्ट्रपति भण्डारी सक्रिय राजनीतिमा आउनु अनुचित'




बुटवल। नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी एमालेको सक्रिय राजनीतिमा आउनु उचित नहुने बताएका छन्। प्रेस चौतारी रूपन्देहीले बुटवलमा गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले राष्ट्रध्यक्षहरू पार्टीको सक्रिय राजनीतिमा आउनुलाई राम्रो नहुने बताए। उनले एमालेमा यो विषयमा कुनै छलफल समेत नभएको पनि बताए।

'सामान्यतयाः संवैधानिक राष्ट्राध्यक्षहरू मुलुककै अभिभावक हो। त्यस अर्थमा नेकपा एमालेको पनि अभिभावक हो, उहाँहरू। तर मुलुककै अभिभावक भइसकेको मान्छे, पार्टीमा प्रत्यक्ष कार्यकारी भूमिकामा फर्कने कुरा चाहिँ मैले सामान्य अवस्थामा त्यो उचित हो भन्ने म ठान्दिनँ।'- ज्ञवालीले भने।

उक्त विषयमा पूर्वराष्ट्रपति भण्डारी सचेत नै भएको जस्तो आफूलाई लागेको पनि ज्ञवालीले बताए।

पूर्वराष्ट्रपति भण्डारी सामान्य अवस्था एमालेलेमा सक्रिय हुने सम्भावना आफूले नदेखेको भन्दै ज्ञवालीले आम नागरिकले पनि यस्तो कुरा नचाहेको दाबी गरे।

साथै, उनले पार्टी अध्यक्षकै इच्छाविपरीत प्रतिस्पर्धा गर्नेगरी राजनीतिमा आउन लागेको भन्ने कुरा सही नभएको दाबी गरे।

'असामान्य अवस्था उत्पन्न भयो भने हरेक व्यक्तिको भूमिका राष्ट्रले माग्छ। त्यस्तो बेलामा छुट्टै छलफल गर्न सकिन्छ,' ज्ञवालीले भने-'अहिले तत्कालै उहाँ सक्रिय राजनीतिमा फर्कनुहुन्छ अथवा केही साथीहरूले भनेजस्तो पार्टी अध्यक्षकै इच्छाविपरीत स्पर्धा नै गर्नेगरी आउन खोजेको भन्ने कुरा सहि होइन। उहाँको त्यो भनाइ पनि होइन।'

भण्डारीले नै देशले मागेको बेलामा जुनसुकै भूमिकाका लागि तयार भएको भन्दै अहिले गरिएका चर्चाहरू अनुमान मात्रै भएको जिकिर गरे।

'उहाँले नै भन्नुभएको छ, देशले माग्यो भने जुनसुकै भूमिकाका लागि तयार छु। त्यसमा हामीले कुनै छलफल ओपन पनि गरेका छैनौं। अहिले गरिएका चर्चा अनुमान मात्रै हुन्।'- ज्ञवालीले भने।

फरक प्रसंगमा ज्ञवालीले अहिले आएका अध्यादेशले निजी क्षेत्रमा उत्साह देखिएको र संसद्मा दर्ता भएको सामाजिक सञ्जाल नियमनको विधेयकले गलत सूचनाबाट सबैलाई जोगाउने तर्क गर्दै प्रेस स्वतन्त्रतामा अवरोध नपुऱ्याउने बताए। अमेरिकी सरकारको पछिल्लो नीतिले त्यहाँबाट आउने सहायताका काम रोकिएको र यसले पछिसम्म पनि असर पार्ने उनको भनाइ छ।

## 'सामाजिक सञ्जाल विधेयकमा आपत्ति छ'



काठमाडौं। नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने गरी 'सामाजिक सञ्जाल विधेयक आएको भन्दै कांग्रेसले स्वीकार गर्न नसक्ने बताएका छन्।

महामन्त्री शर्माले सामाजिक सञ्जाल विधेयक ल्याउँदै गर्दा सत्तारुढ प्रमुख दुई दलबिच गहन छलफल नभएको भन्दै आपत्ति जनाएका छन्।

विधेयक ल्याउन सभापति शेरबहादुर देउवासँग प्रधानमन्त्री केपी शर्मा ओलीले समर्थन खोजेरै ल्याइएको हो भनेर भने पनि त्यसको भारी कांग्रेसले नबोक्ने शर्माको दाबी छ।

अभिव्यक्ति स्वतन्त्रताको मर्म र मूल्यको सन्दर्भमा कांग्रेसको दृष्टिकोण यो विधेयकले प्रतिनिधित्व नगर्ने शर्माले जनाए।

शर्माले जनमत, सरोकार, नियमन गर्ने अरु विधिहरू ख्याल नै नगरी विधेयक ल्याउने कार्य भएको बताए। फेक आइडी बनाउने, अमार्यादित ढंगले गाली गर्ने, अश्लिल सामग्री पोष्ट गर्ने नियन्त्रण गर्ने सन्दर्भमा भने आम नागरिक र सामाजिक सञ्जाल प्रयोगकर्ताकै चाहना पनि रहेको पनि शर्माले बताए।

उनले कतिपय विषयहरू प्रेस काउन्सिलले हेर्न मिल्ने पनि बताए।

कतिपयमा कारबाही प्रक्रिया फरक तरिकाले गर्न सकिनेमा फौजदारीमा तान्न खोजिएको प्रावधानहरू आपत्तिजनक रहेको उनले औल्याए।

## एमाले लुम्बिनीमा २२ जना मनोनित

बाँके। नेकपा (एमाले) लुम्बिनी प्रदेश कमिटीमा २२ जना मनोनित भएका छन्।

» समाचार पृष्ठ ४ मा

समाचार प्रभावः

## बेरूजु घटाउने गौमुखीको निर्णय



**लव कुमार अधिकारी**
*प्यूठान*

गौमुखी गाउँपालिका गाउँसभाको १८औं अधिवेशनले पालिकाको बेरुजु घटाउने निर्णय गरेको छ। दैनिक लुम्बिनी पत्रिकामा यही माघ ६ 'गौमुखीको बेरुजु ९ करोड २७ लाख' शीर्षकमा समाचार प्रकाशन भएपछि पालिकाले बेरुजु घटाउने निर्णय गरेको हो।

गाउँपालिकाले गत वर्षसम्म लेखापरीक्षकले सम्परीक्षण गर्दा ४ करोड १८ लाख ६४ हजार रुपैयाँको मात्र प्रतिक्रिया प्राप्त भएको उल्लेख गरेको थियो। महालेखा कार्यालयको प्रतिवेदनअनुसार गाउँपालिकाको हालसम्मको कुल बेरुजु रकम ९ करोड २७ लाख ६५ हजार पुगेको छ।

बेरुजु देखिएको बाँकी रकममध्ये ९ लाख ९० हजार असुल गर्नुपर्ने, १ करोड २४ लाख ७७ हजारको प्रमाण कागजात पेस गर्नुपर्ने र ३ करोड ४५ लाख ५१ हजार नियमित गर्नुपर्ने र २८ लाख ८३ हजार पेश्की बाँकी देखिएको छ। सबै गरी गत आर्थिक वर्ष ५ करोड ९ लाख १ हजार बेरुजु कायम रहेको महालेखा कार्यालयको प्रतिवेदनमा उल्लेख गरिएको समाचार प्रकाशन गरिएको थियो।

प्रतिवेदनमा गाउँपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार नगरेको, स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको जनाइएको छ। गाउँपालिकाले कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा समेत असर परेको प्रतिवेदनले औँल्याएको छ। अनुदानको पर्याप्त अनुगमन नभएको र वितरणमुखी कार्यक्रम सञ्चालन गरेको जस्ता गम्भीर विषयहरू समेत प्रतिवेदनमा उल्लेख गरिएको छ।

१८औं गाउँसभाबाट पालिकाले सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने भनि निर्णय गरेको छ। यससँगै वडा नम्बर ३ (साविकको रजवारा गाविस) लाई २ वटा वडामा विभाजन गर्ने निर्णय समेत गरेको छ।

**दोस्रो पटक बोलपत्र आब्हानको सूचना - ७ दिने म्याद थप सहित**

(प्रथम पटक प्रकाशित मिति: २०८१।१०।०४ शुक्रबार)
(दोस्रो पटक प्रकाशित मिति: २०८१।१०।१७ बिहीबार)
(बोलपत्र बुझाउने अन्तिम मिति: २०८१।१०।२५ शुक्रबार)

संस्थाको नाम : क्रिमसन कलेज अफ टेक्नोलोजी प्रा.लि.
आयोजनाको नाम : ओ.पी.डी. भवन निर्माण
निर्माण स्थल : क्रिमसन अस्पताल परिसर
ठेगाना : मणिग्राम, तिलोत्तमा ५, रुपन्देही, नेपाल

माथि उल्लेखित आयोजनाको लागि नेपाल सरकारको सम्बन्धित निकायहरुबाट ईजाजत प्राप्त कम्तिमा घ श्रेणीको निर्माण ब्याबसायी संस्था वा फर्मबाट पहिलो पटक सुचना प्रकाशित भएको मितिले २२ बाइस दिन अथवा मिति २०८१।१०।२५ शुक्रबार दिनको ४ बजे भित्र बुझाइ सक्नु पर्ने गरी बोलपत्र आब्हान गरिएको छ। Technical Proposal र Financial Proposal छुट्टा छुट्टै खाममा शिलबन्दी गरी बुझाउनु पर्ने छ। सबैको प्राविधिक क्षमताको मूल्यांकन Technical Proposal को आधारमा हुनेछ।

**दुई वा बढि संस्थाको सहकार्य (Joint Venture) मा पनि बोलपत्र खरीद गरि पेश गर्न सकिने छ।**

फ्रेम स्ट्रक्चर्ड भवन निमाणमा विगत ५ वर्ष भित्रमा कम्तिमा दश करोडको काम गरेको र अन्य सिभिल इन्जिनीयरिङ्ग आयोजनाहरुमा विगत १० वर्षमा कम्तिमा ५ करोडको काम गरेको प्रमाण सहित बोलपत्र खरीद गर्न पांउ भन्ने निबेदन पेश गरेर मात्र बोलपत्र खरीद गर्न पाइने छ।

कुनै पनि बोलपत्रलाई स्विकार गर्ने या नगर्ने भन्ने कुरा नितान्त यस कम्पनीको संचालक समितिको अधिकारमा निहित रहने छ।

| बोलपत्र नं | कामको विवरण | ईष्टिमेट रकम | सुरक्षण बापतको रकम | बोलपत्रको शुल्क |
|---|---|---|---|---|
| ०२/सिभिल/ओपिडि २०८१-८२ | ओपीडी भवन निर्माण (मणिग्राम, तिलोत्तमा ५) | - | बोलकबोलको २.५% नगद वा बैक ग्यारेन्टी | रु ५,०००/- (फिर्ता नहुने) |

सम्पर्क
**क्रिमसन अस्पताल**
मणिग्राम, तिलोत्तमा न.पा.-५, रुपन्देही, नेपाल फोन नं. ०७१-५६२७४४,७४५, ९८५७०७०१२८

सम्पादकीय

# सामाजिक सञ्जाल नियमन हुनुपर्छ

सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन भन्दै कडा सजायसहितको व्यवस्था गर्दै विधेयक ल्याएको छ। यो विधेयकका बारेमा विभिन्न कोणबाट छलफल भइरहेको छ। सामाजिक सञ्जालको प्रयोग अमर्यादित र अराजक बन्दै जाँदा समाज गलत बाटोतिर गइरहेकोले छिटो कानुन बनाउन दबाब परिरहेका बेला सरकारले विधेयक अघि बढाएको छ।

सामाजिक सञ्जालको प्रयोग गरी मिथ्या सूचनाको प्रवाह बढेको छ। बेनामी वा छद्मभेषी पहिचान बनाएर कसैकाविरुद्ध गलत सूचना प्रवाह गर्ने प्रवृत्ति बढेको छ। बेनामी वा छद्मभेषी पहिचानमा गलत सूचना वा जानकारीलाई शेयर गर्ने, कमेन्ट गर्ने प्रवृत्तिले समाजमा घृणा र द्वेष फैलिएको छ, समाजमा सामाजिक सद्भाव बिथोलेको छ। महिलाको पोशाक लगाइदिएर पुरुषलाई अनेक खिसिट्युरी गर्ने प्रवृत्ति झट्ट हेर्दा कुनै व्यक्तिप्रति लक्षित भएजस्तो देखिए पनि महिलाप्रतिको अपमान हो। समाजमा लैङ्गिक, जातीय र धार्मिक सद्भाव बिर्गान र असहिष्णुता बढाउन जुन प्रकारका गतिविधि सामाजिक सञ्जालमार्फत् भइरहेका छन्, ती अक्षम्य छन्।

सामाजिक सञ्जालको दुरुपयोग गरेर राजनैतिक नेतृत्वलाई प्रहार गरेकोले ल्याइएको विधेयकको रुपमा मात्रै बुझ्नुहुन्न। हरेकको हातमा स्मार्ट फोन रहेको र इन्टरनेटको प्रयोग गरी सूचना प्रवाह गर्न सक्ने सुविधा छ। सामाजिक सञ्जाल प्रयोगकर्ताले कतिपयले मिथ्या सूचना र सत्य तथ्य सूचना छुट्ट्याउन चासो नदिइ पोष्ट गर्ने र शेयर गरेको पाइन्छ। कतिपयले बदनाम गर्ने ढंगले पोष्ट र शेयर गर्ने गरेका छन्।

सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित बनाउन कानुन अपरिहार्य थियो। कतिपय बुँदामा दण्ड र जरिवाना धेरै भयो भन्ने टिप्पणी आएका छन्। कतिपयले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन सक्छ भन्ने ढंगले टिप्पणी भएका छन्। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संविधानले ग्यारेण्टी गरेको विषय हो। कानुनको दुरुपयोग हुनसक्ने प्रवृत्तिलाई पनि अंकुश लगाउन उत्तिकै ध्यान दिन आवश्यक छ।

विश्वका धेरै देशमा सामाजिक सञ्जाल प्रयोगसम्बन्धी कानुन बनिसकेका छन्। सामाजिक सञ्जाललाई सूचना आदानप्रदान गर्ने माध्यमको रुपमा प्रयोग गर्ने गरी कानुन बन्नुपर्छ। स्वतन्त्रताको नाममा स्वच्छन्दता होइन्, स्वच्छदताले अराजकता निम्त्याउँछ। अराजकताले समाजमा द्वन्द्व श्रृजना गर्छ। सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक समाजलाई अराजक हुनबाट रोक्नका लागि हो। बरु कुन कुन बुँदाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्छ भन्ने बहसको खाँचो छ। त्यस्ता बुँदालाई हटाएर कानुन बनाउन सकिने भएकाले सरोकारवालाबिच छलफल आवश्यक छ।

# देशले सबल नेतृत्व कहिले पाउने ?



श्यामप्रसाद मैलानी

०४६ सालपश्चात् सत्तामा पटक-पटक पुगेका तीन दलहरूले शासन सञ्चालन गर्ने अनौठो तरिका अवलम्बन गरेका छन्। उनीहरू देशभित्र रोजगारीका लागि अवसर प्रदान गर्ने सन्दर्भमा गम्भीर भएका छैनन्। युवाहरूलाई विदेश पलायन गराएर देशभित्र बच्चाहरू र वृद्धहरू मात्र बस्ने अवस्था बनाइराखेका छन्। देशभर संगठन भएका यी तीन ठूला दलहरूका कार्यकर्ताहरूको संख्या ठूलो छ। उनीहरूलाई मात्र देशमा सबै प्रकारका संरक्षण र सुविधा उपलब्ध गराइएको छ। यसले गर्दा देशमा देखिएका युवाहरू सबैलाई स्वार्थलोलुप झुण्डका रूपमा परिणत गरिदिएका छन्। यी झुण्डहरू युवाहरूको अवसरका लागि कहिले पनि आफ्नो एजेन्डा बनाएर नेताहरूलाई दबाब दिन असफल छन्, चाहँदैनन्। किनकि यी ठूला दलहरूका आफ्ना आफ्ना शीर्षस्थहरूको गुणगान गाउन र भजनमण्डलीका रूपमा आफूलाई परिणत गर्न चाहन्छन्। यसैमा उनीहरूको भलाइ छ। शीर्षस्थ नेतृत्व तह यिनै झुण्डहरूको प्रशंसामा आत्मरतिमा रमाएका छन्। यही झुण्डलाई समग्र देशको रूपमा सोचिराखेका छन्। यदि देशका सम्पूर्ण युवाहरू देशभित्र रहने अवस्था बन्दै गयो भने यसले हालका शैलीमा शासन गर्नेहरूलाई असहज अवस्था सिर्जना हुन्छ। यो अवस्था उनीहरूले राम्रो बुझेका छन्।

त्यसैले उनीहरू युवा पलायन हुनुमा नै आफ्नो राजनीतिक भविष्य सुरक्षित देख्दछन्। विदेश पलायन भएकाहरूलाई मताधिकार प्रदान नगरिनुले पनि यस विषयलाई थप पुस्ट्याइँ मिल्छ। शासन सञ्चालन गर्ने दोस्रो तरिका हो। लोकतन्त्रको व्यापक दुरुपयोग यसको विश्लेषण र व्याख्या जति गरे पनि अपुरो हुन्छ। नेपालमा संविधानले गरेको व्याख्या व्यवस्था हेर्दा पूर्ण लोकतान्त्रिक शासन व्यवस्था स्थापित छ। तर, व्यवहारमा लोकतन्त्रको अनुभूति गर्न पाइएको छैन। यसको एउटै उदाहरण काफी छ। त्यो हो कानुनी समानता, नेपालमा यसैको अभाव छ। कानुनी असमानताको आडमा ठूलाठूला भ्रष्टाचारहरू भइराखेका छन्। संविधानले कानुनी समानताको प्रत्याभूति गरेको छ। तर ऐन, नियम र निर्देशनकै आधारमा ठूलाठूला अपराधमा उन्मुक्ति दिने प्रपञ्च अत्यन्त राम्ररी मिलाइएको छ।

यस विश्वमा लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरी आएका देशहरूको अध्ययन गर्दा भ्रष्टाचारलगायतका अपराधमा राष्ट्रपति, प्रधानमन्त्री कोही पनि बचेका छैनन्। नेपाल मात्र प्रायः यस्तो देश बनेको छ जहाँ राजनीतिक तहबाट भएका भ्रष्टाचारहरूको छानबिन नियन्त्रण निकायले गर्न पाउँदैन। गर्ने हैसियत पनि राख्दैन। पाकिस्तानका प्रधानमन्त्रीलाई देशलाई प्राप्त भएको उपहार व्यक्तिगत प्रयोजनमा राखेको अभियोगमा जेल सजाय भइसकेको छ। फिलिपिन्सका मार्कसदेखि पेरूका अल्बर्टो फुजीमोरी, पाकिस्तानका इमरान खान आदिले दण्ड भोग्नुपरेको छ। स्वतन्त्रताको लडाइँमा नेल्सन मण्डेला र आङसाङ सूचीको योगदान विश्वको राजनीतिक इतिहासमा अंकित छ। उनीहरूले भोग्नुपरेको पीडा पनि उत्तिकै दर्दनाक छ। यस्ता थुप्रै उदाहरण विश्व राजनीतिमा देख्न सकिन्छ।

नेपाल मात्र विचित्रको देश बनेको छ। उदाहरणका लागि २००७ सालको आन्दोलनले राणाहरूलाई सत्ताच्युत गर्‍यो। यसपश्चात् देशमा प्रजातन्त्रको ढोका खुल्न पुग्यो। १५ सालमा जननिर्वाचित सरकारलाई १७ सालमा राजा महेन्द्रले प्रजातन्त्रलाई विकासबाट विस्थापित गराई शिशु प्रजातन्त्रको गला घोट्ने काम गरे। लोकतन्त्रप्रेमी जनताका प्रतिनिधिहरूले ठूलो पीडाबोध गर्नुपर्‍यो। नेताहरू कोही विस्थापित भई विदेशमा रहन थाले। कोही देशको कारागारमा कडा पीडाकाबिच बाँच्न विवश भए। केहीले राजा महेन्द्रलाई समर्थन गरी प्रजातन्त्रप्रति गद्दारी गर्न पुगे। जे होस्, १७ सालको परिवर्तनपश्चात् पनि देशका शासकहरूको अनुहार फेरिएको थियो। २०४६ सालमा पुनः जनआन्दोलन छेड्यो। यस आन्दोलनको सफलता पश्चात् देशमा प्रजातन्त्र पुनर्बहाली हुन पुग्यो। निरपेक्ष राजा संवैधानिक राजतन्त्रमा परिणत हुन पुगे। बहुदलवादी नेताहरूले देशको शासनसत्ता सञ्चालन गर्ने अवसर प्राप्त गरे।

२०४६ सालदेखि ०६३ सालसम्म करिब १७ वर्ष देशमा ठूलो राजनीतिक उतारचढाव आयो। देश पूरै आतंककारी क्रियाकलापबाट त्रसित हुन पुग्यो। ६३ सालमा द्वन्द्वरत पक्ष र संसदीय कित्ताका राजनीतिक दलहरूका बीच सम्झौता भयो। यो सम्झौताले तिनै शासकहरूका विरुद्ध जंगल पसी आन्दोलन छेडेको माओवादी शक्तिले समझदारी गरी उनीहरूसँगै सत्ता साझेदारी गर्न पुगे। अर्थात् पुरानै शासकहरू सत्तामा देखिन थाले। २०६३ सालदेखि हालका दिनसम्म आइपुग्दा १७, १८ वर्षको अवधिमा यिनै संसद्वादीहरू र देशमा आमूल परिवर्तन ल्याउने नारासहित जंगल पसेको शक्तिले मिलीभगतमा पालैपालो शासन सञ्चालन गरिरहेका छन्। जनताले नयाँ परिवर्तनपश्चात् नयाँ अनुभूति गरेको भनेको यस आन्दोलनपश्चात् देश गणतन्त्रमय बन्यो। तर, न राजनीतिक स्थिरता प्राप्त गर्न सक्यो न त आर्थिक समृद्धिको दिशामा नै देश अघि बढ्न सक्यो। यसले गर्दा २०४६ सालको जनआन्दोलन ०६३ सालको जनआन्दोलनको उपादेयतामा एक प्रकारको प्रश्नचिह्न खडा भएको छ।

अब अन्तर्राष्ट्रिय परिस्थितिका 'दयगतमा केही तथ्यहरू राखौं। विश्व राजनीतिक इतिहास अध्ययन गर्दा धेरै प्रकारका परिवर्तनहरू सम्भव भएका छन्। कतिपय आन्दोलनले युद्धले देशले अवलम्बन गरिएको राजनीतिक प्रणाली र शासकीय शैलीमा नै ठूलो भिन्नता देखिएको छ। कुनै जमाना थियो विश्वमा संयुक्त राज्य अमेरिका र सोभियत संघ दुई ठूलाठूला शक्तिसम्पन्न देशहरू थिए। सोभियत संघले विश्वका साम्यवादी देशहरूको नेतृत्व गरिराखेको थियो। लोकतन्त्रवादीहरूको नेतृत्व संयुक्त राज्य अमेरिकाले गर्थ्यो, यद्यपि गरिराखेको छ।

१९९० को दशकमा जब सोभियत संघ विघटन भयो, साविक सोभियत संघका १५ भूभागले छुट्टै सार्वभौमसत्तासम्पन्न राष्ट्रको रूपमा आफ्नो पहिचान बनाई अघि बढे। प्रायः सबै देशहरू साम्यवादी मुलुक सोभियत संघबाट फुटेका थिए। यी देशहरू लोकतन्त्रवादी बने। ईयू र नाटोजस्ता संगठनहरूको नजिक बन्न पुगे। यस अर्थमा यी १५ देशमा लामो समयदेखि सञ्चालन भइराखेको साम्यवादी शासन प्रणालीबाट मुक्ति मिल्यो। सबै लोकतन्त्रमा आस्था र विश्वास राख्न थाले। रूस र पूर्वी युरोपको पोल्यान्डबाहेक अन्य सात देशले व्यवस्था र शासकहरू दुवै परिवर्तन गरे। शोभियत संघबा

ट फुटेका १५ देशमध्ये अधिकांश देशहरू युरोपियन युनियनको सदस्यता लिन पुगे। सोभियत संघ विघटन हुनुको पछाडि अमेरिकन कूटनीतिले ठूलो काम गरेको थियो। यसको श्रेय त्यस समयका संयुक्त राज्य अमेरिकाका राष्ट्रपति निक्सनका तत्कालीन विदेश मामिलासम्बन्धी सल्लाहकार हेनरी किसिन्जरलाई दिनुपर्ने हुन्छ। उनले चीनसँग कूटनीतिक वार्ता सफलतापूर्वक सम्पन्न गरी चीनलाई सोभियत संघका विरुद्ध घेराबन्दी गर्न गराउन सफल भए। साम्यवादी देशहरूका बीचमा नै ठूलो फाटो अथवा विभाजन ल्याउन हेनरी किसिन्जर सफल भएका हुन्। यसपछि संयुक्त राज्य अमेरिकाको शक्ति विश्वमा अझै बढी देखियो। चीनले व्यापारिक क्षेत्रमा ठूलो प्रगति गर्दै आर्थिक तरक्कीका आधारमा सयुंक्त राज्य अमेरिकालाई नै चुनौती दिने अवस्था सिर्जना भएपश्चात् साम्यवादी देशहरूको नेतृत्व चीन र रूसमध्ये कसले लिने हो ? प्रतिस्पर्धात्मक अवस्था छ। तर पनि लोकतान्त्रिक कित्ताको नेतृत्व संयुक्त राज्य अमेरिकाले गरिरहेको छ। कूटनीतिक आन्दोलनले समग्र साम्यवादी आन्दोलनलाई पछि धकेल्न सफल भएको यो अनुपम उदाहरण विश्व राजनीतिमा स्पष्ट रूपमा देख्न सकिन्छ। जब सोभियत संघ सानासाना राज्यहरूमा परिणत हुन पुग्यो। त्यो कमजोर अवस्थामा रूसको नेतृत्वमा बोरिस एल्सिन स्थापित हुन पुगे। उनको समयमा रूसमा धेरै प्रकारका विकृति र विसंगतिहरू देखिए।

यो देश धेरै नै अस्तव्यस्त हुन पुग्यो। यही अस्तव्यस्तका बीच त्यहाँको शासकका रूपमा पुटिनको उदय भयो। करिब २५ वर्ष पुटिनले नै त्यहाँ एकतन्त्रीय तानाशाही शासन प्रणाली अवलम्बन गरिआएका छन्। एकल नेतृत्वमा रूस अघि बढिराखेको छ। बोरिस एल्सिनलाई विस्थापित गरेपछि पुटिनका पालामा त्यहाँको शासकीय शैलीमै ठूलो परिवर्तन भयो। जनताले परिवर्तनको अनुभूति गर्न सके। तर, पुटिनको शासन अत्यन्त ज्यादा तानाशाही थियो र छ। लोकतन्त्रको मानमर्दन गर्दै उनले रूसको तरक्की गर्दै अगाडि बढाउन सफल भएका छन्। विश्व राजनीतिक मानचित्रमा साम्यवादी शासन प्रणाली अवलम्बन गरिरहेका देशहरूको नेतृत्व अहिलेको अवस्थामा पुटिनले नै लिइरहेको स्थिति छ। तर, धेरै प्रकारले चीन अघि बढिराखेको अवस्था छ। यदि चीनले अवलम्बन गरी आएका देशहरूको नेतृत्व गरेको खण्डमा विश्वभर नै शासकीय प्रणालीमा अर्को उतारचढाव र परिवर्तन आउने स्पष्ट छ। यो सकारात्मक परिवर्तन व्यवस्था र शासकहरू दुवैमा परिवर्तन गर्दा मात्र सम्भव भएको हो। यदि शासकहरू अथवा पात्रहरू तिनै भएको खण्डमा व्यवस्था परिवर्तन हुँदैमा देशले प्रगति गर्न सक्दैन। त्यसको उदाहरण पनि नेपाललाई नै ज्वलन्त रूपमा लिन सकिन्छ। किनकि २०४६ सालको जनआन्दोलन पञ्चायती तानाशाही शासनविरुद्धको थियो।

त्यो सफल भएको केही वर्षभित्रै महापञ्चहरूलाई नै देशको शासन सत्ता सुम्पने र लोकतन्त्रवादी नेताहरू र साम्यवादी नेताहरू दुवैले पञ्चहरूलाई आफ्नो नेता बनाउने अस्वस्थ प्रतिस्पर्धा तीव्र रूपमा गर्दै गए। राजनीतिलाई नजिकबाट अध्ययन गर्दा व्यवस्था परिवर्तन भएपश्चात् पुराना शासकहरूले राजनीतिमा सहभागी हुने साहस गर्न सक्दैनन्। तर, नेपालमा ३० वर्षे पञ्चायती शासनकालका शासकहरू पटकपटक अहिले पनि शासनसत्तामा पुगेका छन्। नेपाली जनताको अभिमत केही हदसम्म यिनीहरूले पाइराखेका छन्। नेपालको समस्या यही हो। व्यवस्था परिवर्तन हुन्छ। यसका पात्रहरूलाई निरन्तरता दिइन्छ। कारागारमा कडा सजाय दिनुपर्नेहरूले शासनको साँचो-ताला प्राप्त गर्न पुगेका छन्। यस अवस्थामा यस देशमा आर्थिक समुन्नतिलगायतका विकास निर्माणका कुराहरू तीव्र रूपमा अघि बढ्ने र सुशासन कायम हुने कोरा नाराहरूलाई हामीहरूले विश्वास मात्र होइन, समर्थन पनि गरिराखेको स्थिति छ। अनि यस देशको विकास कहाँबाट हुन्छ ?

देशले लामो समयदेखि राजनीतिज्ञ मात्रै प्राप्त गरेको छ। राजनेताको अनुहार देख्न पाएको छैन। ठूला राष्ट्रिय दलहरूले विभिन्न कालखण्डमा देशमा लोकतन्त्र प्रजातन्त्र र गणतन्त्र प्राप्त गर्ने सन्दर्भमा ठूलै योगदान गरेका हुन्, यसमा कुनै सन्देह छैन। तर, यी दलहरूका अधिकांश पात्रहरू देशप्रति कहिल्यै पनि इमानदार देखिएनन्। राजनेताले सदैव राष्ट्र, राष्ट्रियता र लोकतन्त्रलाई सर्वोपरि प्राथमिकतामा राख्छ। भावी पुस्ताका 'दयगतमा चिन्तन मनन गर्छ। दीर्घकालीन सोचका आधारमा राष्ट्रको प्रगतिका लागि गुरुयोजना तयार बनाउँछ। तर, राजनीतिज्ञ भनेको त्यो हो जसले अर्को निर्वाचनमा कसरी विजयी भई सत्तामा निरन्तरता दिने ? भन्ने मात्रै एकल सोच राख्छ। नेपालमा यही दोस्रो दर्जाका नेताहरू मात्रै देखिए। राजनेताहरूलाई अघि बढाउने परिस्थिति नै देशले बनाउन सकेन। यस अवस्थामा पुराना प्रयोग भइसकेका शासकहरूको विकल्प जनताले चाहेका छन्। तर, राजनीतिक दृश्यमा भरोसा गर्नलायक यस्ता पात्रहरू स्पष्ट रूपमा आउन सकेका छैनन् नेपालमा अहिलेसम्म गत स्थानीय तहको निर्वाचनमा केही स्वतन्त्र उम्मेदवारहरूले विजयी हुने अवसर पाए।

उनीहरूमा कमीकमजोरी र सफल पक्ष देखिएका छन्। तर, समग्रमा पुराना नेताहरूभन्दा उनीहरू जनताका नजरमा स्वीकार्य बन्दै गएको अवस्था छ। तर पनि उनीहरूले राजनीतिक दल बनाएका छैनन्। राजनीतिक दलबिना अघि बढेको स्वतन्त्र उम्मेदवारको हैसियत दलीय राजनीतिक प्रणालीमा उत्साहजनक हुँदो रहेनछ। संसद्मा देखिएका स्वतन्त्र सांसदले जनतालाई देशमा देखिएका विकृतिहरूको उजागर गर्दै सुसुचित गराउने कामसम्म गरेका छन्। सम्बन्धित प्रणालीमा गणितीय खेलमा उनको उपस्थिति महासागरमा एक थोपा पानी थप भएजस्तै हो। जहाँसम्म स्वतन्त्र मेयरहरूको कुरा छ। उनीहरूले कार्यकारी अधिकार प्रयोग गर्न पाउने भएकाले केही हदसम्म काम देखाउन सकेका छन्। तर पनि दलीय प्रणालीबाट विजयी भए आएका प्रतिनिधिहरूको घेराबन्दीमा अत्यन्त असहजताका साथ काम गर्नुपर्ने अवस्था छ। आफ्नो शासकीय शैलीभन्दा पृथक् प्रकारले प्रस्तुत भएका यी स्वतन्त्र प्रतिनिधिहरूलाई राजनीतिक दलका मठाधीशहरूले स्वीकार गर्न सकेका छैनन्। असहयोग गरिरहेका छन्। यिनीहरू पपुलर हुँदा पुराना दलहरूको साख गिर्दै जान्छ।

यसबाट सुरक्षित कसरी राख्ने ? भन्ने रणनीति पुराना दलहरूले अवलम्बन गरिरहेका छन्। नयाँ राजनीतिक दल दर्ता गरेर चुनावी प्रतिस्पर्धामा होमिएकाहरूले राजनीतिमा अल्प अवधिमा नै ठूलो सफलता हासिल गरेका छन्। तर पनि यस्ता पात्रहरूमा राष्ट्रको नागरिकतालाई परित्याग गरी विदेशी भासिने विभिन्न प्रकारका अनैतिक र कानुनी व्यवस्था प्रतिकूलका कार्यहरू गर्दै गई विवादित बनेका छन्। छिटोछिटो पेसा बदल्दै स्टन्टबाजीका आधारमा राजनीतिमा होमिएका व्यक्ति ठूलो विवादमा पटकपटक तानिँदै गएका छन्। तथापि केही मतदाताहरूले अहिले पनि यही पात्रहरूलाई पात्रलाई विश्वास गरेको अवस्था देखिँदै छ। तर, अधिकांश मतदाताहरू दुविधामा परिराखेका छन्। यस अवस्थामा नेपाली मतदाताहरूले कसलाई रोज्ने ? कुन दललाई मतदान गर्ने ? दुविधाजनक अवस्था सिर्जना भएको छ। सबैभन्दा कठिनाइमा सचेत मतदाताहरू परेका छन्।

पुराना दलहरूले आफ्नो दलीय सिद्धान्त आदर्श, मूल्य र मान्यतालाई पूर्ण रूपमा पालना गर्दै अघि बढ्न सक्नुपर्दछ। आफ्ना शासकीय शैलीहरूमा सुधार अत्यावश्यक छ। जनतालाई ढाँटेर राजनीति गर्न छाड्नुपर्छ। त्यसमा आक्रान्त भ्रष्टाचारको अवस्थालाई क्रान्तिकारी अभियानकै रूपमा नियन्त्रणमा ल्याउने सुधार गर्ने संकल्पसहित अघि बढ्नुपर्छ। आग्रह र पूर्वाग्रहका आधारमा राजनीति परित्याग गर्नुपर्छ। संवैधानिक आशय र मर्मअनुरूपको काम गर्नुपर्छ। संविधानप्रतिकूलका कानुनी व्यवस्थाहरू बनाउँदै मूल कानुनलाई नै कुल्चिने कुत्सित मनसायबाट पृथक् रहन सक्नुपर्छ। उदाहरणका लागि नेपालको संविधानले सुशासन र भ्रष्टाचारमुक्त शासनका साथै कानुनी समानताको प्रत्याभूति स्पष्ट रूपमा गरेको छ। तर, यही देशमा संवैधानिक मूल्यमान्यताविपरीत राजनीतिक तहबाट भएका भ्रष्टाचारजन्य क्रियाकलापहरूलाई उन्मुक्ति दिने कानुन बनेको छ।

देशको स्वतन्त्र न्यायालय मन्त्रीहरूलाई कारबाही गर्न नमिल्नेजस्ता निर्णय गर्न पुग्छ। सबैले अन्तरात्मादेखि सम्मान गर्न चाहने विशेषगरी लोकतन्त्रवादीहरूले ठूलो आदरभाव राख्ने स्वतन्त्र न्यायालय निष्पक्ष हुन नसकेको र यसका निर्णयहरूले समाजमा द्वन्द्वलाई कम गर्न सक्नुपर्नेमा थप द्वन्द्व सिर्जना भएको आलोचना सचेत वर्ग र सञ्चारजगत्ले गरिराखेका छन्। यो राजनीतिक विकृतिको रूपमा रहेका न्यायपालिकाका पात्रहरूको कमीकमजोरीका कारण यो अवस्था बनेको हो। यसमा सुधार हुनैपर्छ। यदि यसो हुन सकेमा नेपालमा पुनः यिनै पुराना दलहरूले नै शासन सञ्चालन गर्ने अवसर प्राप्त गर्नेछन्। तर, पात्रहरूमा परिवर्तन जरुरी छ। किनकि उनीहरूमा नेपाली जनताले सुधारका संकेतसम्म पनि देख्न सकेका छैनन्। यदि यसो नभएमा देशमा नेतृत्व बिहिन आन्दोलन भड्किने सम्भावना त्यत्तिकै प्रबल देखिएको छ।

राजधानीबाट

# प्रचण्ड थैवको मूर्ति अनावरण

बुटवल। शहीद दिवसको अवसर पारेर राष्ट्रिय युवा संघ नेपाल रुपन्देहीले बुटवलका शहीद स्वर्गीय प्रचण्ड थैवको अर्धकदको शालिक अनावरण कार्यक्रम गरेको छ।

बुधबार एक कार्यक्रमकाबिच स्वर्गीय थैवका आमा सुकन्या थैवले मूर्तिको अनावरण गर्दै माल्यापर्ण गरेका छन्। विसं २०६५ सालमा चैत १३ गते थैवको हत्या भएको थियो। कार्यक्रममा सहभागीहरुले मूर्तिमा माल्यापर्ण गर्दै श्रद्धाञ्जली अपर्ण गरे।

राष्ट्रिय युवा संघ नेपाल रुपन्देहीका जिल्ला कमिटी उपाध्यक्ष तथा सालिक निर्माण समिति संयोजक दिपक खड्गीले स्वर्गिय थैवको परिवार, युवाहरुको सहयोगमा मूर्ति निमार्ण गरिएको बताए।

युवाहरुको पक्षमा सधैं अग्रसर रहेका स्वर्गीयको स्मरण हुने गरी घटनास्थल परिसरमा नै शालिक निर्माण गरिएको उनले बताए।

कार्यक्रममा नेकपा एमाले पार्टी रुपन्देही जिल्ला उपसचिव बाबुराम पन्थीले राजनीतिक परिवर्तनमा स्वर्गीय थैवको योगदानबारे प्रकाश पार्दै सरकारबाट शहीदको योगदानको उचित मूल्यांकन गर्न आग्रह गरे।

घटनाका प्रत्यक्षदर्शी युवा संघका लुम्बिनी प्रदेश इञ्चार्ज केशव रोकाले आफू प्रत्यक्षदर्शी भएको बताउँदै तत्कालिनसमयमा माओवादीको डर धम्कीका बावजुद पनि दोषीलाई कारबाहीका लागि कानुनी उपचार अघि बढाएको अनुभव सुनाए।

कार्यक्रममा निर्माण समितिका सदस्य सुदर्शन खाम्चाले निर्माणको क्रममा भएको सहयोगीहरुप्रति विशेष धन्यवाद ज्ञापन गरेका थिए।

रूपन्देही सुपरलिगः

# न्यू होराइजन १६७ रनले विजयी

भैरहवा, । भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा न्यू होराइजन क्रिकेट क्लबले फराकिलो जित निकालेको छ। प्रतियोगिताअन्तर्गत 'ए' डिभिजनको बुधबारको खेलमा उसले सैनामैना क्रिकेट क्लबमाथि १ सय ६७ रनको जित निकाल्यो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको न्यू होराइजनले निर्धारित ३७ ओभरमा ३४ ओभर २ बल खेल्दै सबै विकेट गुमाएर २ सय १२ रनको बलियो योगफल बनायो। उसका लागि निश्चल ज्ञवालीले ९८, आरिफ खानले २८, विप्रसन केसीले १७ र सहिन खानले १६ रन बनाए। बलिङमा सैनामैनाका सुनिल पौडेल र ऋदम सुवेदीले ३-३, ईश्वर क्षेत्रीले २ तथा गोपाल शर्मा र प्रदीप सुवेदीले १-१ विकेट लिए।




जवाफी ब्याटिङ गरेको सैनामैना १३ ओभर १ बलमा सबै विकेट गुमाएर ४५ रनमै समेटियो र लज्जास्पद हार व्यहोर्‍यो। उसका लागि महेश रानाले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिमले फराकिलो अन्तरमा हार व्यहोर्‍यो। बलिङमा न्यू होराइजनका प्रिन्स पालले ३ ओभरमा १२ रन खर्चेर ४ विकेट लिए। यस्तै, महेश भरले ३, सहिन खान, निर्मल गुरुङ र विप्रसन केसीले समान १-१ विकेट लिए। खेलमा निश्चल ज्ञवाली प्लेयर अफ द म्याच भई एक हजार २ सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सह-प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए।



*प्रविधिको प्रयोगः*

गुल्मीदरबार गाउँपालिका वडा नं. ६ अन्तर्गत फर्सोवामा हाते ट्र्याक्टरको प्रयोग गरी बारी जोत्दै किसान। अहिले गाउँघरमा गोरू पाल्न छाडिएपछि प्रायः घरहरूमा गोरुको विकल्पमा हातेट्र्याक्टरहरू धेरै देख्न सकिन्छ। *तस्विरः डी.बी. टण्डन(विजय)।*

### सातौँ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता

# हरिहर संस्कृत तथा साधारण माविलाई सबैभन्दा बढी उपाधि



**अविजित पन्थी**

अर्घाखाँचीको पाणिनी गाउँपालिकामा सातौँ राष्ट्रपति रनिङ सिल्ड विद्यालयस्तरीय खेलकुद प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ। पाणिनी गाउँपालिकाको बरका रूख खेल मैदानमा आयोजित प्रतियोगितामा १६ विद्यालयका करिब ३५० विद्यार्थी सहभागी भएका थिए।

प्रतियोगितामा हरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालय उत्कृष्ट प्रदर्शन गर्दै ४ स्वर्ण, ६ रजत र ३ कास्य जित्दै समग्र उपाधि जित्न सफल भएको छ। यस्तै, धातिवाङ माध्यमिक विद्यालय ४ स्वर्ण, २ रजत र २ कास्य जित्दै दोस्रो स्थानमा रह्यो भने नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, पणेना ४ स्वर्ण, १ रजत र ६ कास्य जित्दै तेस्रो स्थानमा रहेको थियो।

विजेताहरूलाई नगद पुरस्कार, शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरी सम्मान गरिएको थियो। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयलाई २० हजार, १२ हजार र ८ हजार नगद पुरस्कार, साथै शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तेजबहादुर खनालले जानकारी दिए।

भलिबलतर्फ सिद्ध मावि र द्यौराली माविको उपाधि कब्जा गरेका थिए। प्रतियोगिताको भलिबल छात्रातर्फ सिद्ध मावि, पाणिनी-२ ले उपाधि जित्न सफल भयो भने छात्रतर्फ द्यौराली मावि, पटौटीले उपाधि जितेको थियो।

प्रतियोगिताको समापन समारोहलाई सम्बोधन गर्दै पाणिनी गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेले विजेता, सहभागी विद्यार्थी, शिक्षक तथा आयोजक समितिलाई धन्यवाद ज्ञापन गर्दै खेलकुद विद्यार्थीको शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागि अत्यावश्यक रहेको बताउँदै खेल क्षेत्रबाट पालिकाको पहिचान बनाउन खेलाडीहरूलाई अनुशासन र लगनशीलताको खाँचो रहेको बताए।

त्यस्तै प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले विद्यालयस्तरमै खेल प्रतिभा पहिचान गर्न यस्ता प्रतियोगिताहरू महत्वपूर्ण भूमिका खेल्ने तथा खेलकुदले विद्यार्थीको शारीरिक, मानसिक र अनुशासनात्मक विकासमा टेवा पुऱ्याउने जनाए। आगामी दिनमा पालिकाले खेलकुद प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण, खेल सामग्री उपलब्ध गराउने तथा उत्कृष्ट खेलाडीहरूको प्रोत्साहनका लागि विशेष कार्यक्रम ल्याउने योजना समेत बनाउने उनले औंल्याए।

राष्ट्रपति रनिङशील्ड प्रतियोगितामा सहभागी खेलाडीहरु उत्साहित रुपमा प्रस्तुत भएका थिए। उनीहरूले यो प्रतियोगिताले हामी विद्यार्थीलाई खेलकुदमा अझैं प्रेरित गराएको बताएका छन्। विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा एथलेटिक्स, भलिबल, दौड, लङजम्प, हाइजम्पलगायतका १२ खेलका विधा समावेश गरिएको थियो। २४ स्वर्ण पदकका लागि भएको प्रतिस्पर्धामा विद्यार्थीहरूले आफ्नो उत्कृष्ट प्रतिभा प्रस्तुत गरेका थिए।

पाणिनी गाउँपालिकाले विद्यालयस्तरीय खेलकुदको महत्त्वलाई समझेर यसको विकासमा निरन्तर ध्यान दिएको छ। पालिकाले विश्वास लिएको छ कि खेलकुदले विद्यार्थीहरूको शारीरिक र मानसिक विकासमा टेवा पुऱ्याउने मात्र होइन, समाजमा सकारात्मक बदलाव ल्याउने पनि छ। यही विश्वासका साथ, पालिकाले खेलकुदका विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै, उत्कृष्ट खेलाडीहरूको प्रोत्साहनका लागि योजनाहरू ल्याउने प्रतिबद्धता जनाएको छ।

खेलकुदको माध्यमबाट युवा पुस्तामा अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमताको विकास हुने विश्वास पालिकाले लिएको छ, जसले भविष्यमा पालिकाको नाम राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनाउन मद्दत गर्नेछ। खेलकुद क्षेत्रको विकासमा गाउँपालिकाले देखाएको चासोले विद्यार्थी, अभिभावक तथा खेल प्रेमीहरूमा सकारात्मक ऊर्जा थपेको छ।

# नमूना सदरमुकाममा रूख कटान सुरु

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको बहुचर्चित नमूना सदरमुकामको निर्माण स्थलको पहिलो चरणमा रुख कटान सुरु भएको छ।

डिभिजन वन कार्यालय नवलपुरका डिभिजनल वन अधिकृत वसन्त केशव अधिकारीले पहिलो चरणमा काटिने भनिएको ४७ वटा रुख कटानका काम सुरु भएको जनाए।

४७ वटा रुख कटान सक्न केही दिन लाग्ने छ। नमूना सदरमुकाम निर्माणस्थलमा पर्ने ६ सय ४२ वटा रुख काट्न मन्त्री परिषदले स्वीकृत दिएको हो। त्योमध्ये पहिलो चरणमा ३ वटा भवन बन्ने क्षेत्रमा पर्ने ४७ वटा रुख कटान सुरु भएको डिभिजन वन अधिकृत वसन्त केशव अधिकारीले बताए। यस क्षेत्रमा साना ९० वटा र ठूला रुख ५ सय ५२ गरेर ६ सय ४२ वटा रुख काटिने छ।

त्यसैगरी पहिलो चरणमा ८० करोडको बजेटबाट जिल्ला प्रशासन कार्यालयलगायत ३ वटा कार्यालय भवन बन्न ठेक्का लागेको भवन कार्यालय बन्न शुरु हुने भएको छ। भवन निर्माणका लागि तयारी अवस्थामा रहेका ठेकेदार कम्पनी रौतहटको चौधरी कन्ट्रक्सनले ठेक्का पाएको छ।

ठेकेदार उपेन्द्र चौधरीले पहिलो चरणको ३ वटा एकीकृत कार्यालय भवन बन्न कम्तिमा ३० महिना लाग्ने बताए।

सदरमुकामभित्र करिब ६ किलोमिटर सडक निर्माणको काम भएको छ। तर सडकमा नाली, फुटपाथ, पार्क र साइकल रुट निर्माणको काम अझैं बाँकी नै छ। १० करोड ७७ लागतमा ग्राभेल सडक निर्माण गर्ने कामबाहेक अन्य संरचना निर्माणको काम हुन सकेको छैन।

नमुना सदरमुकाम निर्माणका लागि ३ चरणमा गरी ५ करोड २० लाख रुपैयाँ बजेट सुनिश्चित भइसकेको छ।

प्रधानमन्त्री एवम् तत्कालित प्रधानमन्त्री समेत रहेका केपी शर्मा ओलीले ७ बैशाख ०७६ मा नमुना सदरमुकामको शिलान्यास गरेका थिए। शिलान्यासको झण्डै ५ वर्षपछि नमूना सदरमुकाम निर्माणका लागि सबै बाटो खुलेको छ।

कावासोती ३ मा रहेको ज्योति कुञ्ज सामुदायिक वनभित्र रहेको १८६ बिघा जमिनमा सदरमुकाम बनाइनेछ।

सदरमुकाम निर्माणको काम बहुवर्षीय आयोजनाका रुपमा रहेको छ। प्रारम्भिक गुरुयोजनाअनुसार आयोजनाको कूल लागत १६ अर्ब २५ करोड ५३ लाख ९० हजार रुपियाँ रहेकोमा लागत बढेर अहिले २६ अर्ब पुगेको छ।

संघीयतापछि टुक्रिएर बनेको नयाँ जिल्ला नवलपुरका प्रायः सबै सरकारी भवन भाडाका घरबाट सञ्चालित छन् भने भाडा स्वरुप प्रति महिनाको १२ लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ।

पछिल्लो पटक मन्त्रीपरिषदको निर्णयबाट सुनिश्चित भएको चार अर्बबाट कुन-कुन भवनलाई प्राथमिकता दिने भन्ने कुरा पहिले नै टुंगिसकेकाले त्यही अनुसार अब टेण्डर प्रकृया अघि बढ्ने सडक आयोजनाका प्रमुख झपटबहादुर थापाले बताए। 'रकम अनुमानका लागि फाइल भवन निर्माण विभागमा पठाएका छौं, त्यहाँबाट टुंगिएर आउने वित्तिकै टेण्डर प्रकृया अघि बढ्छ।'- थापाले भने।

नमूना सदरमुकाम निर्माणको गुरुयोजनाअनुसार यहाँ संघ र प्रदेश मातहतका सबै कार्यालय, पार्किङ, बाटिका, २५ हजार दर्शक क्षमताको फुटबल रंगशाला, १५ हजार दर्शक क्षमताको क्रिकेट रंगशाला, कर्मचारीका लागि आवास गृह, अतिथि गृह, सभाहल, पुस्तकालय, खाजा घरलगायत संरचना निर्माण हुनेछन्। थापाका अनुसार चार अर्बबाट एकीकृत संघीय सरकारी भवनहरु, सभाहल, आवास गृह, जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय, आन्तरिक राजश कार्यालय, सशस्त्र प्रहरी कार्यालय प्राथमिकतामा रहेका छन्।

सदरमुकाम निर्माणका लागि भवन निर्माण विभागका महाप्रवन्धकको नेतृत्वमा पाँच सदस्सीय समिति बनेको छ। समितिमा भवन निर्माण कार्यालय चितवन, प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय, कावासोती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र जिल्ला प्रशासन कार्यायका प्रतिनिधि रहेका छन्। नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले थप भवन निर्माणका लागि छिट्टै निर्णयमा पुगेर टेण्डर प्रक्रिया अगाडि बढाइने बताए।

# निजी क्षेत्रका लगानी बिना आर्थिक समृद्धि असम्भव : शाही



**बासुदेव ढकाल**

*रामपुर पाल्पा*

'आर्थिक समृद्धिका लागि उद्योग र व्यापार, कालीगण्डकी उपत्यका विकासको आधार' भन्ने नाराका साथ मंगलबारदेखि चौथो रामपुर महोत्सव तथा व्यापार मेला सुरु भएको छ।

मेलाको प्रमुख अतिथिसमेत रहेका नेपाल सरकारका वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही मंगलबार उद्घाटन गर्दै उद्योग व्यवसाय नफष्टाएसम्म आर्थिक समृद्धि नहुने भन्दै कृषि, पर्यटन, घरेलु उद्योग नै प्रवर्द्धन गर्नु पर्नेमा जोड दिएका थिए। वनमा करोडौंका काठ कुहिए गएका छन्। नीति परिवर्तन गरेर भए पनि बेच्ने र किन्ने वातावरण मिलाउन आफूले प्रयत्न गर्ने उनले बताए। उनले भौगोलिक रुपमा सुन्दर रामपुर उपत्यकाको विकासमा यस्ता महोत्सवहरुले टेवा पुऱ्याउने बताउँदै निजी क्षेत्रका लगानी बिना आर्थिक समृद्धि असम्भव भएकोले सबै मिलेर निजी क्षेत्रलाई लगानी मैत्री बनाउनु पर्नेमा जोड दिए।

रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष एवं महोत्सव मूल आयोजक समिति अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले स्वागतसहित मेला आयोजना गर्नुको उद्देश्यमाथि प्रकाश पार्दै उद्योग तथा व्यवसायलाई थप चलायमान गराउनुका साथै कालीगण्डकी उपत्यकाको पर्यटन प्रवर्द्धन, संघको निर्माणाधिन भवनलाई पूर्णता, घरेलु तथा कुटिर उद्योग, कृषिको उत्थान, यहाँका कला संस्कृतिको पनि जगेर्ना गर्नुका साथै यहाँका व्यावसायिक सम्भावनाको उजागर गरी राष्ट्रियस्तरमा पुऱ्याउनुको र बहुउद्देश्यीय भवन सम्पन्न गर्ने रहेको जानकारी गराएका थिए।

राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरेले कालीगण्डकी डाइभर्सन गरेर अन्यत्र लैजाने होइन, यसै क्षेत्रका भूमि सिँचाइमा उपयोग गर्नुपर्ने भन्दै विश्वमा एक मात्र शालिकराम पाइने काली नदी डाइभर्सन गर्न नहुनेमा जोड दिइन। उनले साना पार्टी सक्काउने सोंचले अवैध रुपमा ल्याइएको अध्यादेश जनताको पक्षमा नभएको बताइन।

प्रदेशसभा सदस्य एवं लुम्बिनी प्रदेश अर्थ उद्योग तथा पर्यटन समिति सदस्य राजुप्रसाद श्रेष्ठ, प्रदेशसभा सदस्य एंव पूर्व प्रदेशमन्त्री वीरबहादुर राना, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, रामपुर नगरपालिका नगरप्रमुख रमणबहादुर थापा, जिल्ला प्रशासन कार्यालयका प्रमुख तोयानारायण सुवेदी, नेपाली कांग्रेस पाल्पाका अध्यक्ष हिमाल दत्त श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल श्रेष्ठ, बीपी प्रतिष्ठानका केन्द्रीय अध्यक्ष सन्दीप राना, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य मोहन श्रेष्ठ, लुम्बिनी प्रदेशका उद्योग वाणिज्य संघ कार्यबाहक अध्यक्ष कुलप्रसाद न्यौपाने, तानसेन उद्योग वाणिज्य संघका अध्यक्ष सैलेन्द्र भट्टराईलगायतले आ-आफ्ना भनाइ राखेका थिए।

रामपुर नगरपालिका संरक्षक रहेको मेला समुद्घाटनका अवसरमा रामपुर उद्योग वाणिज्य संघको भवनबाट निस्किएको झाँकी बेझाङ बजार परिक्रमा गर्दै कार्यक्रम स्थलमा पुगेको थियो। गण्डकी बेशिको रामपुर क्षेत्रका कला संस्कृति झल्कले झाँकी, विभिन्न जातीय भेषभुषा, पञ्चे बाजा, नेवार समुदायको लाखे नाच, मगर र गुरुङ समुदाय कौरा, नाच, घाटु, मारुनि जस्ता नाच साथै विद्यालय, संघ सस्था, आमा समूह, क्लब कृषि समूहहरुको उपस्थित रहेको थियो। यस क्षेत्रको दश अबतार बालन, स्काउट ब्राह्मण समाजले आफ्नो कला प्रदर्शन गरेको थियो।

कार्यक्रमको सञ्चालन उद्योग वाणिज्य संघका महासचिव पुर्षोत्तम केसीले गरेका थिए।

# मनोक्रान्ति स्मार्ट योग शिक्षक प्रशिक्षण



बुटवल। बुटवल ९ मा मनोक्रान्ति स्मार्ट योग शिक्षक प्रशिक्षण सुरु भएको छ। विकाशानन्द फाउन्डेसन विश्व परिवार बुटवल रुपन्देहीको आयोजनामा पाँच दिने योग शिक्षक प्रशिक्षण सुरु भएको हो।

स्वस्थ समाज समृद्ध नेपाल र विश्व शान्तिका लागि योग कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले योगमा ठूलो शक्ति रहेको र यसले मानिसको जीवन सहज हुने बताए। पछिल्लो समय मानिसमा भएका तनावलाई योगकै माध्यमबाट व्यवस्थापन गर्न सकिने बताउँदै नगर प्रमुख पाण्डेले स्वस्थ सोच र स्वस्थ विचार भएमा मानिस स्वस्थ हुने र यसले सिंगो बुटवल नगर नै स्वस्थ हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा फाउन्डेसनका सल्लाहकार मनोज भुसालले योगबाट लाभ लिएर जीवन सहज बनाउन आग्रह गरे। त्यसतै पतञ्जली योग समिति बुटवलका अध्यक्ष राजन नेपालले संसार बदल्न आफैबाट सुरु गर्नुपर्ने बताए।

बुटवल उपमहानगरपालिका ६ का वाडध्यक्ष लोकनाथ न्यौपाने, ९ का अध्यक्ष प्रदीपकुमार श्रेष्ठ, बुटवल लेडी जेसीजका पूर्व अध्यक्ष अनुपमा श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

पाँच दिनको प्रशिक्षणबाट योग्य प्रशिक्षकहरु तयार हुने प्रशिक्षक गम्भीर श्रेष्ठले बताए। बुटवल उप-महानगरपालिकाको सहयोगमा भएको कार्यक्रममा बुटवल शाखा संयोजक गणेश खत्रीले स्वागत गरेका थिए। कार्यक्रम संयोजक लिला गौतमको अध्यक्षता रहेको कार्यक्रमको सञ्चालन बुटवल शाखा सचिव इन्दिरा न्यौपानेले गरेकी थिइन्।

## लुम्बिनी उर्जा कम्पनी लिमिटेड कम्पनी

०१-५९०५८९०,५९०२५६०,९८५७०७०४२०

### लिलाम बढाबढ सम्बन्धी १५ दिने सूचना

यस भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड कम्पनी अन्तर्गत सेती नदी जलविद्युत आयोजनाको तपसिल बमोजिमका सवारी साधनहरु हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलकबोलद्धारा लिलाम हुने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले उपस्थित भै डाक गर्नुहोला। डाक बढाबढमा आफूले कवोल गरेको रकमको दश प्रतिशतले हुने रकम नगदै धरौटी वापत तत्काल जम्मा गर्नुपर्ने छ। लिलाम स्वीकृत भएमा सोको जानकारी वा सूचना पाएको ७ दिनभित्र आफूले कवोल गरेको पूरै रकम कर शुल्क समेत भुक्तानी गरी उक्त सवारी साधन बुझिलिई जानुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम जफत गरिनेछ। लिलाम स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। लिलाम हुने सवारी साधनको अवस्था, प्रकृति तथा अन्य विषय बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने।

**तपिसल**

| क्र. स. | सवारी साधनको किसिम | मोडेल | परिमाण | न्यूनतमप्रति इकाइ कायम मूल्य (रु) |
|---|---|---|---|---|
| १ | जिप | Toyota Prado TX MT | १ | १,८८,७७,१९२ |
| २ | जिप | Mahindra Scorpio S5 4WD 1.99 BSIV | १ | २९,३४,१३६ |
| ३ | मोटरसाईकल | पल्सर १५० सि सि | २ | १,९०,६५५ |
| ४ | मोटरसाईकल | पल्सर १५० सि सि | १ | १,४२,३६३ |

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# साना योजनालाई निरूत्साहित गर्छौं: मुख्यमन्त्री




बाँके । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले टुक्रे योजनालाई निरुत्साहित गर्ने रणनीति बनाएको बताएका छन् ।

नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीको बाँकेमा आयोजना गरिएको चौथो पूर्ण बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले टुक्रे र साना योजनालाई निरुत्साहित गर्दै ठूला र मझौला खालका योजनाहरुमा बजेट केन्द्रित गर्ने बताएका हुन् ।

'योजनाहरु छरेर होइन, परिणामुखी बनाएर जाने सरकारले रणनीति बनाएको छ। प्रदेश सरकारले अब टुक्रे योजना बनाउँदैन,' उनले भने-'मझौला र ठूला योजना कार्यान्वयनमा सरकारले ध्यान दिनेछ । व्यक्तिविच्छे आउने योजनाहरुमा सरकारले बजेट राख्दैन ।' आगामी वर्षको बजेट तथा कार्यक्रम बनाउँदा संस्थागत प्रक्रियालाई प्राथमिकतामा राखिने उनले जनाए ।

'संस्थागतरुपमा आएका योजनाहरुलाई अघि बढाउँछौं । बजेट माग्न मन्त्रालयमा भिड लाग्न पर्दैन, पहुँच र पावर पनि चाहिँदैन ।

आवश्यकता र तथ्यांकको आधारमा सरकारले बजेट तर्जुमा गर्छ,' उनले भने-'योजना छनौटमा देखिएको विकृती रोक्नकैलागि पाँच लाखभन्दा माथिका योजना प्रतिस्पर्धाबाट कार्यान्वयन गर्ने निर्णयमा सरकार पुगेको हो । हरेक खाले विकृतीहरु रोक्न सरकार निर्मम भएर अगाडि बढिरहेको छ ।'

यस्तै चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम र प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखेर सही ढंगले कार्यान्वयनको गति बढाएको उनले जनाए । बैठकमा मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको प्राथमिकता, सञ्चालन भइरहेका कार्यक्रम र भावी योजनाबारे जानकारी गराए ।

सो क्रममा उनले ७० प्रतिशतभन्दा बढी योजना ठेक्का प्रक्रियाबाट कार्यान्वयनमा गइसकेको र बाँकी योजना पनि कार्यान्वयनको चरणमा रहेको जानकारी उदए ।

'प्रदेश सरकारले अघि सारेका गौरवका आयोजनालाई उच्च प्राथमिकतामा राखेर कार्यान्वयनलाई अघि बढाएका छौं ।

चालु वर्षको बजेट सही ढंगले कार्यान्वयनमा ध्यान दिएको छ । योबिचको सुशासनको पाटोलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका छौं,' उनले भने-'प्रदेश सरकार नागरिकहरुको भरोसाको केन्द्र बन्न सफल भएको छ । गाउँको मुहारहरु फेरिनुमा प्रदेश सरकारले अघि बढाएका योजनाका कारण हुन् ।'

यस्तै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले गरेका काम र सम्पादन गरेका योजनाहरुमा सुझाव दिन समय कुर्नु नपर्ने बताए । 'कतै कमि कमजोरी भेटाउनु भएको छ। देख्नु भएको छ भने सुझाव दिन समय कुर्नु पर्दैन । सिधैं भन्न सक्नुहुन्छ,' उनले भने-'सरकारले सुझावहरुलाई आत्मसाथ गरेर अघि बढ्न चाहन्छ ।'

मुख्यमन्त्री आचार्यले आफू सरकारको नेतृत्वमा पुगेपछि प्रदेश सरकारले गरेका काम, प्राथमिकता, भावि योजनासहितका विषयहरु समेटिएको प्रतिवेदन पार्टीका प्रदेश इञ्चार्ज पद्मा अर्याल र पार्टीका प्रदेश अध्यक्ष राधाकृष्ण कँडेललाई बुझाएका थिए ।

# एमाले लुम्बिनीमा २२ जना मनोनित

बाँके । नेकपा (एमाले) लुम्बिनी प्रदेश कमिटीमा २२ जना मनोनित भएका छन् ।

नयाँ प्रदेश सदस्यहरूमा दाङबाट कृष्ण भुषाल, गोविन्द आचार्य, रामप्रसाद गैरे, वृहस्पति श्रेष्ठ, रोल्पाबाट गंगाराम बुढा, रूपन्देहीबाट जोगलाल विक, युवराज घिमिरे, मधुकला कुँवर, अब्दुल रहमान, कपिलवस्तुबाट विश्राम चौधरी, लंक हमाल, भगवानदास चौधरी, अब्दुल रहमान खान, बर्दियाबाट टिका सम्सेली, रामसोहन चौधरी, बाँकेबाट भुमिसरा धिताल, रामकुमार दिक्षित, प्युठानबाट धनबहादुर रायमाझी, तुलसी शर्मा, पुरन गुरुङ, रुकुमपूर्वबाट भावना बुढाथोकी, अर्घाखाँचीबाट इश्वरा पोखरेल, सरोज भुसाल, सिद्दि भुसाल, गुल्मीबाट सावित्रा आचार्य, चेतन बस्नेत, चिन्तामणि पाण्डेय, पाल्पाबाट नारायण जिसी, नारायण आचार्य मनोनित भएका छन् । बैठकले संगठन सुदृढीकरण र विकासको नयाँ नीति बनाएको छ ।

बाँकेको नेपालगञ्जमा सम्पन्न दुई दिने पूर्ण बैठकले पार्टी केन्द्रले बनाएको जरा अभियानअन्तर्गत तीन महिने अभियानलाई अगाडि बढाउने निर्णय गरेको छ । बैठकमा छवटा समूहमा विभाजन गरी पार्टी सञ्चालनमा देखिएका समस्या, सुधारका उपाय, संगठन सुदृढीकरण तथा आगामी कार्ययोजना तयार गरेको प्रचार विभाग प्रमुख डीआर घिमिरेले जानकारी दिए । बैठकमा पार्टीका सबै जिल्ला तथा पालिकास्तरमा प्रचार डेस्क स्थापना गर्ने र कार्यकर्तालाई विभिन्न क्षेत्रमा सेवा प्रवाहका लागि विशेषज्ञ डेस्क बनाउने निर्णय गर्नुका साथै स्थानीय तहबाटै विकास आयोजना छनोट गर्ने विधि निर्माण गरी पार्टीका इञ्चार्जहरू नागरिकका समस्यासँग प्रत्यक्ष जोडिने नीति अखितयार गरिएको जनाइएको छ । त्यसैगरी भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गर्ने, गरिब नागरिकका लागि आधारभूत घर निर्माण गर्ने अभियान अघि बढाउने, विकासका कामहरूलाई प्रभावकारी प्रचार गर्ने तथा प्रत्येक विकासे संस्थाले गरेको कार्यको श्वेतपत्र जारी गर्ने व्यवस्था मिलाउने कुरामा बैठकले जोड दिएको छ ।

सामाजिक सञ्जालको दुरुपयोग रोक्न आवश्यक उपाय अपनाइने तथा संगठन निर्माणलाई अझ प्रभावकारी बनाइने निर्णय गरिएको छ ।

बैठकमा पार्टी केन्द्रीय सचिव प्रदेश इञ्चार्ज पद्मा अर्यालले अहिले सामाजिक अराजकताले चुनौती सिर्जना गरेको भन्दै योजनाबद्ध आक्रमणको सामना गर्न सबै कार्यकर्ता दृढ भएर लाग्नुपर्ने बताइन् । पार्टी निर्माण भावनात्मक रूपमा नभई एजेन्डामा आधारित भएर गर्नुपर्ने उनको भनाइ थियो ।

पार्टी स्थायी कमिटी सदस्य तथा संगठन विभाग प्रमुख काशिनाथ अधिकारीले पार्टीले २५ वर्षभित्र नेपाललाई समृद्ध बनाउने तथा एमालेलाई राष्ट्रिय शक्ति बनाउने संकल्प लिएको बताए । पार्टीलाई सशक्त बनाउन पुराना कार्यकर्ताको सम्मान गर्दै संगठन निर्माण गर्ने, सामाजिक सञ्जालको सदुपयोग गर्ने, र वडास्तरमा जनसेवा केन्द्रित अभियान सञ्चालन गर्नुपर्ने धारणा उनले राखे ।

प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले सरकारलाई मात्र दोष लगाउने प्रवृत्ति त्यागेर काम गर्ने संस्कृति विकास गर्नुपर्ने बताए । वार्षिक योजनासँगै त्रैमासिक तथा चौमासिक समीक्षाको आवश्यकतामा उनले जोड दिए । संगठन विस्तारका क्रममा प्रभावशाली युवा नेतृत्वलाई अगाडि ल्याउनुपर्ने उनको सुझाव थियो ।

# अन्तरविद्यालय प्रथम सेभेन ए साइड फुटबल सुरु



तिलोत्तमा । बुटवल पब्लिक स्कूलको आयोजनामा जिल्लास्तरीय अन्तरविद्यालय प्रथम सेभेन ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ ।

बुटवल पब्लिक स्कूलले आफ्नै लगानीमा तिलोत्तमा ११ बेलडाँडामा बनाएको खेल मैदानमा निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) का केन्द्रीय उपाध्यक्ष एवं लुम्बिनी इञ्चार्ज विष्णु पन्थीले प्रतियोगिताको उद्घाटन गरे । सो अवसरमा बोल्दै पन्थीले विद्यार्थीको खेल प्रतिभा प्रस्फुटन, खेलाडी उत्पादन र फुटबलको विकासमा विद्यालयस्तरीय प्रतियोगिताको ठूलो महत्व हुने बताए । स्थानीय, प्रदेश र संघ तीनै तहका सरकारले खेलकुदलाई प्राथमिकतामा नराखेको गुनासो गर्दै पन्थीले खेलकुद विकासमा निजी क्षेत्रको लगानी र प्रयास सराहनीय रहको बताए । एन्फा केन्द्रीय उपाध्यक्ष दीर्घबहादुर केसी (कुमार) ले निजी विद्यालयले करोडौं लगानीमा खेल मैदान र रिसर्च सेन्टर निर्माण गरेर खेलकुदको विकासमा ठूलो योगदान पुराएको चर्चा गर्दै यो मैदानमा विद्यालय तहको जिल्ला, प्रदेश र राष्ट्रियस्तरसँगै अन्तर्राष्ट्रिय प्रतियोगिता समेत आयोजना गर्न सुझाव दिए ।

विद्यालयका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसालले अन्तर्राष्ट्रियस्तरमा राम्रो विद्यालयका लागि सुविधासम्पन्न खेल मैदान पहिलो आवश्यकता भएकाले आफूले अभिभावक र विद्यार्थीको मागअनुसार करिब १५ करोड लगानीमा क्रिकेट र फुटबलको खेल मैदान, स्विमिङ पूलसहित ग्रीन हाउस समेत बनाएर सञ्चालनमा ल्याएको बताए ।

दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा रुपन्देहीका सरकारी र संस्थागत गरी ९ विद्यालयको सहभागिता रहेको छ ।

प्रतियोगिताको विजेताले १५ हजार ५ रुपैयाँ र दोस्रोले १० हजार ५ रुपैयाँ तथा उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकता र उत्कृष्ट खेलाडीले २ हजार ५ रुपैयाँ र प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय ५ रुपैयाँ प्राप्त गर्ने विद्यालयका सह-प्राचार्य रामचन्द्र पौडेलले जानकारी दिए ।

# स्थापना दिवसमा निःशुल्क स्वास्थ्य शिविर



तिलोत्तमा । सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं स्थापना दिवसको अवसरमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । सामूहिक विकास साकोसको आयोजना क्रिमसन अस्पताल मणिग्रामको प्राविधिक सहयोगमा महिलाहरुको स्तन तथा पाठेघरको मुखको क्यान्सरसम्बन्धी चेकजाँच तथा परामर्श सेवा तथा ई.सि.जि. एवं सुगर चेकजाँचसम्बन्धी निःशुल्क शिविर भएको हो । स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. रुक्साना हकको नेतृत्वमा वरिष्ठ कन्सल्टेन्ट फिजिसियन डा. कृष्णचन्द्र गोदार, मेडिकल अधिकृत डा. रक्षा पाण्डेसहित १० जनाको नेतृत्वमा भएको शिविरमा २ सय जनाले सेवा लिएका थिए ।

कार्यक्रममा बोल्दै सहकारी संस्थाका संस्थापक अध्यक्ष माधवप्रसाद पाठकले केही सहकारी संस्थाहरुमा समस्या देखा परेको तर समुदायमा आधारित संस्थाहरुमा कुनै समस्या नरहेको दाबी गरे ।

कार्यक्रममा संस्थाका अध्यक्ष सुरेन्द्रकुमार वर्माले सामुदायिक उत्तरदायित्वअन्तर्गतका कार्यक्रमहरुको दायरा बढाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे । संस्थाका सचिव मीनप्रसाद पोख्रेलले २०५० सालमा स्थापित सहकारीमा हाल १२ हजार ३५ जना शेयर सदस्य र वासलात ३ अर्ब ५८ करोड रहेको जानकारी गराए ।

"आर्थिक समृद्धिका लागि उद्योग र व्यापार : कालीगण्डकी उपत्यका विकासको आधार"
रामपुर जाऔं, मेला महोत्सवमा रमाऔं
चौथो रामपुर महोत्सव तथा व्यापार मेला -२०८१
माघ १५ गतेदेखि २७ गतेसम्म
स्थान: रामपुर नगरपालिका, पाल्पा
स्टीकर सौजन्य:
संरक्षक रामपुर नगरपालिका रामपुर,पाल्पा
आयोजक रामपुर उद्योग वाणिज्य संघ रामपुर,पाल्पा

सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।
-शिक्षा प्रत्येक बालबालिकाको अधिकार हो, यसलाई सुनिश्चित गरौं ।
-सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं ।
-प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत् सबैलाई साक्षर बनाऔं ।
-शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं ।
-प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं ।
-शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं ।
-साक्षरता कार्यक्रम सञ्चालन गरौं । साक्षर नेपाल निर्माण गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com